का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १२५
- १४ असार २०७७, आइतबार
- 28 June 2020, Sunday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १२३०९ जना | २८३४ जना | २१०८७६ | ९४४७ | २८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ९९ लाख ५१ हजार | ५३ लाख ९४ हजार | ४ लाख ९८ हजार | ४० लाख ५८ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम




# केहीबेर बसे प्रधानमन्त्री

**■नेकपा बैठक दुई दिन स्थगित ■सकियो सीमा बारेको छलफल**

**शुक्रबार स्थायी कमिटी बैठकमा अनुपस्थित रहेपछि प्रधानमन्त्री केपी शर्मा ओलीको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटीका नेताहरूले कडा आपत्ति जनाएका छन् । शनिबार भने प्रधानमन्त्री केपी शर्मा ओली केहीबेर बसेका थिए ।**



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी शनिबार बालुवाटारमा बसेको बैठकमा नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत । तस्वीर : चन्द्रकला क्षेत्री, रासस

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक असार १६ गतेसम्मस्थगित गरिएको छ। असार १४ गते मदन स्मृति दिवस परेको र असार १५ गते धान दिवस परेकाले बैठक असार १६ गते मात्रै बस्ने नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले बताएका छन् ।

बैठक पछाडि जानकारी दिदैं प्रवक्ता श्रेष्ठले शनिबार २१ जनाले आफ्नो धारणा राखेको बताए । बुधबार देखि शुरु भएको बैठकमा शुक्रबार देखि शुरु भएको सीमा समस्या र समाधानबारे छलफल भएको छ । गएको माघमा बसेको नेकपा केन्द्रीय कमिटीको निर्णय बमोजिम सरकारले नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी भएकाले नेताहरुले धन्यवाद व्यक्त गरेका थिए । नेताहरुले अब भूमि फिर्ता ल्याउन कुटनैतिक वार्तामा जोड दिनुपर्ने नेताहरुले जोड दिएका छन् ।

शनिबारको बैठकमा भने अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली केहीबेर बसेका थिए । बालुवाटारमै बसेको शुक्रबारको बैठकमा अनुपस्थित रहेपछि अध्यक्ष ओलीको कडा विरोध जनाइएको थियो ।

बुधबार एक घण्टा बढी सम्बोधन गरेका प्रधानमन्त्री ओली शनिबारको स्थायी कमिटी बैठकमा अनुपस्थित भएपछि अष्टलक्ष्मी शाक्य र भीम रावलले कडा आपत्ति जनाएका थिए । रावल र शाक्यले स्थायी कमिटी सदस्यहरुको कुरा नसुन्न प्रधानमन्त्रीको बदमासी भएको आरोप लगाएका थिए। एक स्थायी कमिटी सदस्यका अनुसार, नेता रावलले प्रधानमन्त्रीले आफूहरुलाई ढाटेको र यस्तो प्रवृत्ति ठीक नभएको बताए ।

गएको पुसमा बसेको स्थायी कमिटी बैठकमा पनि ओली अनुपस्थित थिए । बाँकी पृष्ठ २ मा

# नेपाल पस्यो सलह

**■बारा, सर्लाही, रुपन्देही र पर्सामा डेढ लाखको संख्यामा रहेको अनुमान**

**फट्याङ्ग्रा वर्गको कीरामा सलह अफ्रिकी मुलुकबाट अरेबियन देश हुँदै एसियाको इरान, अफगानिस्तान, पाकिस्तान र भारतसम्म आइपुगेको थियो । नेपालमा भने पहिलोपटक शनिबार बिहान सलह कीरा देखिएको कृषि तथा पशुन्छी विकास मन्त्रालयले जनाएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार ।

तराईका विभिन्न जिल्लामा सलह किरा भित्रिएको छ । रुपन्देही, पर्सा, बारा र सर्लाहीमा सलह किरा देखिएको छ। विज्ञहरुले यो किरा सलह नै भएको तर, कस्तो प्रकृति भन्ने चाहिं अध्ययन हुन बाँकी रहेको जनाएका छन् ।











सर्लाहीको लालबन्दी, बाराको निजगढ, पर्सा र बुटवलमा देखिएको मन्त्रालयले जनाएको छ । सर्लाहीको लालबन्दी नगरपालिका-२ को तेलबाली अनुसन्धान केन्द्रको फर्ममा करिब एक हजारको हाराहारीमा सो किरा भित्रिएको जिल्ला कृषि ज्ञान केन्द्र मलङ्गवाका निमित्त प्रमुख देवानन्द राय यादवले बताए ।

जिल्लाको लालबन्दी नगरपालिका-२ स्थित तेलबाली अनुसन्धान कार्यक्रममा लगाइएको विभिन्न बालीमा सलह किराको प्रवेश देखिएको हो । "शनिबार बिहान फिल्ड भिजिट गर्ने क्रममा बदाम, घैंचा, धानको बेर्नालगायतमा सलह किराले भ्याप्पै छोपेको देखियो" तेलबाली अनुसन्धान कार्यक्रमका संयोजक वरिष्ठ वैज्ञानिक डा विशेश्वरप्रसाद यादवले जानकारी दिए । सलह किरा हजारौंको सङ्ख्यामा रहेको उनले बताए ।

"शुक्रबार राति छिमेकी देश भारतबाट करिब एक हजार फट्याङ्गराजस्तो देखिने जातको सलह नामक किरा नेपाल प्रवेश गरेको बुझिएको छ", उनले भने । जिल्लाका किसान चिन्तित बनेका छन् ।

फट्याङ्ग्रा वर्गको कीरामा पर्ने सलह अफ्रिकी मुलुकबाट अरेबियन देश हुँदै एसियाको इरान, अफगानिस्तान, पाकिस्तान र भारतसम्म आइपुगेको थियो । नेपालमै पहिलोपटक शनिबार बिहान सलह कीरा देखिएको केन्द्रले जनाएको छ ।

सलह किराले बालीमा अमेरिकी फौजी कीराले भन्दा अनेकौं गुना बढी क्षति पुऱ्याउने जानकारले बाँकी पृष्ठ २ मा

# ७७ वटै जिल्लामा फैलियो संक्रमण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार ।

रसुवामा कोभिड महामारीको संक्रमण भेटिए सँगै देशभर संक्रमण फैलिएको छ । शनिबार रसुवामा संक्रमित भेटिएको छ। यो सँगै सातै प्रदेश र ७७ वटै जिल्लामा संक्रमण फैलिएको पुष्टि भएको छ। शनिबार एकै दिन ५५४ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

प्रवक्ता जागेश्वर गौतमका अनुसार, २४ घण्टामा ५५४ जनामा संक्रमण पुष्टि भएको छ भने दुई जनाको मृत्यु भएको छ । अब संक्रमित संख्या १२ हजार ३०९ जना पुगेको छ भने मृतक संख्या २८ जना पुगेको छ । मन्त्रालयका अनुसार, दुई लाख १० हजार ८७६ जनाको पीसीआर प्रणालीबाट परीक्षण गरिउको छ भने दुई लाख ९४ हजार ३४ जनाको आरडीटी प्रणालीबाट परीक्षण गरिएको छ । देशभर बनेको क्वारेन्टिनमा अझै ६५ हजार ७१२ जना छन् भने नौ हजार ४४७ आइसोलेसनमा छन् ।

**थप दश ठाउँबाट परीक्षण**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले थप १० ठाउँमा कोभिड-१९ को पिसिआर विधिबाट परीक्षणका लागि प्रयोगशाला स्थापना गर्ने भएको छ। कोभिड-१९ को परीक्षणको दायरा बढाउनका लागि १० ठाउँमा प्रयोगशाला स्थापना गर्न थालिएको मन्त्रालयका इन्सिडेन्ट कमाण्ड सिस्टमका संयोजक डा गुणराज लोहनीले जानकारी दिए ।

उनका अनुसार मेची अस्पताल, डडेल्धुरा बाँकी पृष्ठ २ मा

**विदेशमा नेपालीको शव**

# ८७ ल्याइए, १२० ल्याउन बाँकी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार

कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण विदेशमा रहेकामध्ये शनिवारसम्म ८७ वटा शव नेपाल ल्याइएको छ । अझै १ सय २० नेपालीको शव स्वदेश ल्याउन बाँकी रहेको छ। कोरोना भाइरस संक्रमण शुरु भएदेखि अहिलेसम्मको अवधिमा ३ सय ३३ जना नेपाली कामदारले विदेशमा ज्यान गुमाएको सार्वजनिक भएको थियो ।

त्यसमध्ये श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आग्रहमा १ सय २६ मृतकका आश्रित परिवारले भने सम्बन्धित देशमै अन्त्येष्टिका लागि मन्त्रालयलाई अनुमति दिएका छन् । विदेशमा नै दाहसंस्कार गर्न सहमति जनाउने मृतक कामदारका आश्रित परिवारको निर्णयले केही सहज भएको वैदेशिक रोजगार बोर्डको भनाइ छ । श्रम मन्त्रालयले विदेशमै अन्तिम संस्कार गर्न सहमति जनाउने परिवारलाई सान्त्वना स्वरुप ५० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । उक्त निर्णयप्रति भने केही मृतकका परिवारले असन्तुष्टि जनाएका भएपनि हालसम्म १ सय २६ पविारले जनाएको सहमतिले धेरै सहज भएको वैदेशिक रोजगार बोर्डको भनाइ छ ।

बोर्डका अनुसार साउदीमा ५९, मलेसियामा २३, कतारमा ११, यूएईमा १४, कुवेतमा ५ र बहराइनमा १ र अन्य विभिन्न देशमा ७ वटा नेपालीका शव ल्याउन बाँकी छ। लकडाउनपछि विदेशमा समस्यामा परेका नेपालीलाई स्वदेश ल्याउन चार्टर गरिएका विमानमा शव पनि ल्याइएको हो । हाल मलेसियाबाट सबैभन्दा धेरै ३१ वटा शव ल्याइएको छ । मलेसियापछि साउदी र कतारबाट २०/२०, कुवेतबाट ७, यूएईबाट ५, बहराइनबाट ३, ओमानबाट १ जना नेपालीको शव ल्याइएको छ।

यता विभिन्न देशबाट ६ वटा चार्टर उडानमार्फत शनिबार थप ९ सय ५७ नेपाली स्वदेश आइपुगेका छन्। कतारको दोहाबाट २ सय ४१ जना, हङकङबाट ८१ जना, यूएईको दुबईबाट १ सय ४६ जना, साउदीको दमामबाट १ सय ५४ जना, साउदीको रियादबाट २ सय ५४ जना र कुवेतबाट ८१ जना नेपाली स्वदेश आएको त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलले जनाएको छ। नेपालका नेपाल वायु सेवा निगम, हिमालयन एयरलाइन्सका जहाज विदेशमा अलपत्र अवस्थामा रहेका कामदारलाई स्वदेश ल्याउन उडान भरिरहेका छन् ।

**वैदेशिक रोजगार विशेष**

## दूतावास : न आँसु देख्छ, न पीडा सुन्छ

**काठमाडौं/मस-** विदेशस्थित नेपाली कुटनीतिक नियोगहरु वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरुप्रति अनुदार रहने गरेको आरोप पटक-पटक लाग्दै आएको छ । जवाफमा साधन र श्रोतको अभावका कारण सेवाग्राहीहरुले चाहेजस्तो सेवा दिन नसकेको नेपाली नियोगहरुको स्पष्टीकरण हुने गरेको छ ।

तर बारा जिल्लाका शिव बच्चन साह रौनियारको आँशु देख्दा दूतावासहरुले पुऱ्याएको सेवा सेवाग्राहीसम्म नपुगेको देखाउँछ। गत मार्च महिनामा वैदेशिक रोजगारीका लागि यूएई पुगेका रौनियारले काम थालेकै दिन रोजगारी गुमाउनु परेर अलपत्र परेपछि सहयोगको याचना लिएर ४० पटक नेपाली दूतावास पुगेको तर राहत नपाएको बिबिसी नेपाली सेवाले उल्लेख गरेको छ ।

नेपाली दूतावासमा गएर सहयोगको याचना गरेको बाँकी पृष्ठ २ मा

**विज्ञापन रकम भुक्तानीबारे**

**अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

**मध्यान्ह**
Madhyanha National Daily राष्ट्रिय दैनिक

**बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८**
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

# ‘४० वर्षयता कृषि क्षेत्रलाई बिगार्ने मात्र काम भयो’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार

कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसालले ४० वर्ष यता कृषि क्षेत्रलाई बिगार्ने काम मात्रै भएको बताएका छन्। एसोसिएशन आफ नेपाली एग्रिकल्चरल जर्नलिष्टस् (आनाज) द्वारा राष्ट्रिय धान दिवसको अवसरमा आयोजित अन्तरक्रिया कार्यक्रममा मन्त्री भुसालले ३०/४० वर्ष यता मेहनत गरेर नै कृषि क्षेत्रलाई ध्वस्त पार्ने काम भएको बताउका हुन्।



उनले कृषि विकासका लागि भाषण गर्ने, ठेक्का पट्टा गर्ने, विभिन्न प्रोजेक्टहरु ल्याएर बिगार्ने काम गरिएको बताए। उनले भने, ‘हामीले त ३०/४० वर्ष भयो बर्बाद पार्न थालेको। हाम्रा साना दुःखले बर्बाद पारेको होइन। हामीले बहुत मेहनतले बर्बाद परेका छौं। हाम्रो कृषि व्यवस्थालाई हामीले भाषण गरेका छौं, हामीले अनेक प्रयत्नहरु गरेका छौं, ठेक्का पट्टा गरेका छौं, प्रोजेक्टहरु गरेका छौं। के के गर्‍यौं गर्‍यौं। यो कृषि व्यवस्था बिगार्नका लागि।’

लामो समयसम्म बिगार्दै आएको कृषि व्यवस्थालाई सुधार्न अझै केही समय लाग्ने मन्त्री भुसालले बताए। ३०/४० वर्ष देखि बिग्रँदै आएको कृषि ३ वर्ष भित्रमा सुधार्न चुनौती रहेको समेत उनले बताए।

देशमा औद्योगीक उत्पादन बढाउने प्रयत्न गर्दा र कृषि वस्तुको व्यवस्थापन बजारलाई छाड्दा कृषि व्यवस्था र प्रणाली नै बिग्रेको मन्त्री भुसालको भनाइ थियो। उनले किसानका परम्परागत ज्ञान र सीपलाई विकास गर्न नसक्दा पनि नेपालको कृषि क्षेत्र पछाडि परेको बताए। उनले पछिल्लो ३०/४० वर्ष यताको स्थितिलाई हेर्दा हेर्दै सबै कृषि उपज किनेर खानुपर्ने दिन आएको बताए। उनले भने, ‘कस्तो देखियो भने कृषि प्रधान देश हावा, पानी, माटो आदि इत्यादि फेभर गरेको यस्तो मुलुकमा हामीले हरेक दिन किनेर खानुपर्ने, अन्न पनि किनेर खानुपर्ने, फलफुल किनेर खानुपर्ने, माछामासु किनेर खानुपर्ने, दुध किनेर खानुपर्ने यस्ता दिन आए हेर्दाहेर्दै।’

कोरोना महामारीले भने कृषि नै जीवन हो भनेर ब्युझाएको मन्त्री भुसालले बताए। कोरोनाले सिकाएको पाठलाई फेरिपनि बिर्सने काम भयो भने ठूलो गल्ती हुने पनि उनले बताए। गएको दशकमा कृषि मन्त्रालय भित्रपनि मन्त्री कसरी बलियो बन्ने, मन्त्रालयलाई कसरी बलियो बनाउने भन्ने तर्फ मात्रै ध्यान केन्द्रित भएकाले मन्त्रालयले कृषि क्षेत्रको विकासमा प्रभावकारी काम गर्न नसकेको बताए। केही दशक खेर गइसकेकाले अब नयाँ व्यवस्था अनुसार कृषि उत्पादनलाई अगाडि बढाउन खोजिएको जानकारी समेत उनले गराए। नयाँ व्यवस्था अनुसार कृषि क्षेत्रमा लाग्ने कुनै पनि किसानको जीवन, स्वास्थ्य, शिक्षा, सुरक्षाका विषयमा सरकारले ग्यारेन्टी लिने गरी व्यवस्थापन गर्न लागिएको मन्त्री भुसालले बताए।

# सिके राउतलाई ठूलो झड्का

## ७ केन्द्रीय सदस्यले गरे पार्टी परित्याग

**रबिन्द्र यादव/मध्यान्ह**
नवलपरासी पश्चिम, १३ असार



डाक्टर सिके राउत नेतृत्वको जनमत पार्टीका ७ जना केन्द्रीय सदस्यले पार्टी परित्याग गरेका छन्। डा. राउत र सरकार बीच ११ बुँदे सहमती र राउतको नेतृत्वप्रति असन्तुष्ट बनेका उनको ‘दायाँ हात’ मानिने पार्टीका केन्द्रीय सदस्य कैलाश महतोसहित ७ जना केन्द्रीय सदस्यले सामुहिकरुपमा पत्रकार सम्मेलन गरी पार्टी परित्याग गरेको घोष्णा गरेका हुन्।

पार्टी परित्याग गर्नेमा नवलपरासीबाट पार्टीका केन्द्रीय सदस्य कैलाश महतो, ध्रुव प्रसाद गौड, राजमित पासवान, कपिलवस्तुका हकिकुल्ला मुसलमान, सिरहाकी सतिला यादव, बाराका दिनेश प्रसाद यादव, पर्साका संजय कुमार साह रहेका छन्। महतो राउतद्वारा गठित तत्कालिन स्वतन्त्र मधेश गठबन्धनका सह-संयोजक पनि थिए।

पार्टी परित्याग गरेकाहरुले डा. राउतले मधेशको हकहितमा आवाज बुलन्द नगर्ने बरु उल्टै नेकपा नेतृत्व सरकारको वकालत गर्दै मधेशका एजेण्डालाई पनि बिर्सिंदै गएको र आफनो एकल मनोमानी ढंगबाट पार्टी चलाउने गरेको आरोप लगाएका छन्। राउतको नेतृत्व र कार्यप्रति असन्तुष्ट ७ जना केन्द्रीय सदस्यहरुले पत्रकार सम्मेलनमार्फत पार्टी परित्याग गरेको पार्टीका केन्द्रीय सदस्य कैलाश महतोले जानकारी दिए। ‘आजदेखि हामी राउतजीको पार्टीको साधारण सदस्य समेत नरहने गरि पार्टी परित्याग गरेका छौं’, महतोले भने, ‘अब कुन बाटो अपनाउने भन्नेबारेमा साथिहरुसंग छलफल गरि सार्वजनिक समेत गर्ने छौं।’

त्यस्तै जनमत पार्टीको जिल्ला कार्यसमितिले पनि पार्टीबाट सामुहिक राजिनामा दिएको छ। पार्टीका होनहार र योगदान गर्ने नेताहरुले पार्टी परित्याग गरेको देखेर पार्टीका जिल्ला अध्यक्ष श्रीकृष्ण यादवको नेतृत्वमा गठित २३ सदस्यीय कार्यसमितिका २ जनाबाहेक २१ जनाले सामुहिक राजिनामा दिएको पत्रकार सम्मेलन मार्फत जानकारी दिएका छन्। जिल्लाका कार्यसमितिका तिपदाधिकारी तथा सदस्यहरु पनि डा. राउतको नेतृत्वप्रति असन्तुष्ट र जनमतले मधेशको भलो नहुने भन्दै पार्टीबाट सामुहिक राजिनामा दिएका हुन्।

पार्टीको केन्द्रीय सदस्य रहेका कैलाश महतो, राजमती पासवान र ध्रुव प्रसाद गौडद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा डाक्टर राउत पार्टी भित्र एकल तानाशाह, अहंकार, घमण्ड गर्ने र पार्टीभित्रै गुट-उपगुट गरि तत्कालिन स्वतन्त्र मधेश गठबन्धको मधेश आन्दोलनमा योगदान गर्ने जेलनेल काटने वास्तविक कार्यकर्ताहरुलाई पाखा लगाउदै आफ्नो नजिकका व्यक्तिहरुलाई पार्टीमा उच्च स्थान दिई भर्ती केन्द्र बनाएको उल्लेख छ। यता पार्टीका सदस्य बालगोविन्द चौधरीको नेतृत्वमा जनमत पार्टीले भने जिल्लामा विभिन्न गतिविधि गर्दै आएको छ।

# ‘मेरो गणना, मेरो सहभागिता’




**हेटौंडा/मस–** राष्ट्रिय जनगणना २०७८ को पूर्वतयारी अन्तर्गत मकवानपुरमा ‘नमुना जनगणना’ शुरु भएको छ। गत चैतमा सम्पन्न हुनुपर्ने सो काम कोभिड-१९ का कारण जारी लकडाउनले गर्दा तीनमहिना ढिलो गरी अहिले शुरु गरिएको यहाँस्थित तथ्याङ्क विभागका तथ्याङ्क अधिकृत राजेश दासले जानकारी दिए।

सो कार्यका लागि भौतिक दूरी कायम गरी कर्मचारी, गणक र सुपरीवेक्षक खटाइएको उनको भनाइ छ। राष्ट्रिय जनगणनाको एक वर्ष अघि नमुना जनगणना गर्ने प्रचलनअनुसार जनगणना गरिएको उनले बताए। आगामी जेठ २५ गतेबाट ‘मेरो गणना, मेरो सहभागिता’ नारासहित राष्ट्रिय जनगणना गणना गरी अगामी असार ८ गते सम्पन्न गरिने उनले जानकारी दिए।

उनका अनुसार अघिल्ला जनगणनामा लगत-१ र लगत-२ गरी दुईखाले प्रश्नावली फरक ढङ्गले सोधिएको थियो। तर, अहिले तीदुवै मिलाएर एकीकृत प्रश्नावली निर्माण गरिएको छ। एकीकृत प्रश्नावलीका आधारमा पूर्ण जनगणना गर्नुपर्ने भएकाले नमुना गणना अनिवार्य गरिएको हो। ‘पूर्वनिर्धारित तालिकाअनुसार छनौट गरिएका क्षेत्रमा नमुना (पाइलट) जनगणनाका निम्ति जनशक्ति खटाइसकेका छौं।’ उनले भने।

उनका अनुसार सो गणनामा खटिएका जनशक्तिलाई स्यानिटाइजर, मास्कर र पञ्जा पर्याप्त मात्रा उपलब्ध गराइएको छ। उनीहरूलाई उत्तरदाताको घर भित्र नपस्न, खुला ठाउँमा रहेर प्रश्नावली भर्न, अन्य स्थानका कुनै पनि सामान नछुन, अनावश्यक गफ नगर्न निर्देशन दिइएको छ।

यस जिल्लाको नमुना गणनामा संलग्न जनशक्ति मध्ये सुपरीवेक्षक एक, गणक चार जनालगायत कार्यालयका कर्मचारी खटिएका छन्। जिल्ला अर्न्तगत छनौटमा परेका चार वटा गणना क्षेत्रको घर परिवार सूचीकरण फारामअनुसार कूल घरसंख्या ६३८ र कूल घरपरिवार संख्या ८६७ को पूर्णजनगणना भइरहेको छ। शुक्रबारसम्म १२ दिनको अवधिमा ५४३ घरपरिवारको जनगणना भएको उनले जानकारी दिए।

सो कार्यका लागि हेटौंडा उप(महानगरपालिकाको गणना क्षेत्रमा दुई वटा ट्याबलेट प्रयोग गरिएको छ भने इन्द्रसरोवर गाउँपालिका र थाहानगरपालिकामा छापा प्रश्नावलीमा लिखित रूपमा विवरण भरिने कार्य भइरहेको छ। सो गणना यही असार १५ गतेभित्र सकिने विभागीय निर्देशन भएतापनि अविरल वर्षा, पहाडी भेगमा गएको पहिरो र बाटो निर्माणलगायतका कार्यले बाटो अवरुद्ध भएको कारण बढीमा तीन दिनसम्म ढिलो हुनसक्ने विभागका कर्मचारी राजकुमार विकले बताए।

सोधिने प्रश्नावलीलाई ‘ए’ र ‘बी’ गरी दुई खण्डमा समेटिएका छन्। परिचयात्मक खण्डमा प्रदेश, जिल्ला, गाउँपालिकारनगरपालिका, वडा, गाउँरबस्तीरटोल, परिवारमूलीको नामरथर र सम्पर्क टेलिफोन नम्बर उल्लेख गरिएको छ। परिवारका सदस्यको संख्या, अक्सर बसोवास गर्ने (६ महिनाभन्दा बढी बस्ने), अनुपस्थित (स्वदेश वाविदेशमा) रहेको सदस्यसमेत उल्लेख हुनेछ।

पारिवारिक खण्डमा परिवारले प्रयोग गरेको घरको स्वामित्व, घरको जग, बाहिरी गारो, छानाका किसिम, घरको भुइँ, खानेपानीको मुख्य स्रोत सोधिने छ। त्यसैगरी परिवारमा खाना पकाउन प्रयोग हुने इन्धन, बत्तीको स्रोत, चर्पी, महिलाको नाममा रहेको घररजग्गा, कृषिबाहेक कुनमुख्य साना घरेलु व्यवसाय र त्यसको सञ्चालक उल्लेख गरिने छ।

घरायसी सुविधा तथा साधन अन्तर्गत टेलिभिजन, इन्टरनेट, मोबाइल, ल्यान्डलाइन टेलिफोन, कम्प्युटर, ल्यापटप, साइकल, मोटरसाइकल, गाडी, रेफ्रिजेरेटर, वासिङमेसिन, माइक्रोवेभ ओभन पर्दछन्। त्यसैगरी प्रत्येक परिवारले पालेको पशु र पंक्षी, घरेलु व्यवसायलगायतको लगत लिइने छ।

त्यसैगरी बितेको १२ महिनामा कुनै परिवारको सदस्यको मृत्यु भएमा मृत्युको कारणसहित खुलाउने व्यवस्था प्रश्नावलीमा छ। मृतक १५ देखि ४९ वर्षको महिलाभए मृत्यु हुँदाको अवस्था समेत उल्लेख हुनुपर्नेछ।

व्यक्तिगत विवरण अन्तर्गत परिवारमा अक्सर बसोवास गर्ने व्यक्तिको नाम र थर, परिवार मूलीको नाता, लिंग, जन्ममिति, जात-जाति, पहिलो भाषा (मातृभाषा), दोस्रो भाषा र पुर्खाको भाषा, धर्म, वैवाहिक स्थिति उल्लेख हुनेछ। त्यसैगरी शैक्षिक विवरण, पढाइको क्षेत्र, बसाइँसराई, प्रजनन, अपाङ्गतासम्बन्धी विवरण समेटिनेछ।

नेपालमा १९६८ साल (सन् १९११) मा पहिलो राष्ट्रिय जनगणना भएको थियो। प्रत्येक दश-दशवर्षमा जनगणना हुँदै आएको छ। पछिल्लो पटक सम्पन्न राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार देशको कूल जनसंख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ। अब हुने १२ औं जनगणना हो।

# करणीका मुद्दा बढे बहुविवाहका मुद्दा घटे




भोजपुर/रासस- भोजपुरमा पछिल्लो समय जबर्जस्ती करणीका घटना वृद्धि भएको छ। जिल्ला सरकारी वकिलको कार्यालयले दिएको तथ्याङ्कअनुसार दर्ता भएका कूल मुद्दामध्ये ७० प्रतिशतभन्दा बढी बलात्कारका घटनाको मुद्दा रहेका छन्।

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकिल कार्यालयमा आएका फौजदारी र जिल्ला प्रशासनबाट आएका १५२ वटा मुद्दामध्ये ७० प्रतिशत जबर्जस्ती करणीसम्बन्धी रहेको कार्यालयले जनाएको छ। साङ्गठनिक अपराधका मुद्दा केही बढेको भए पनि सम्बन्धविच्छेदका मुद्दामा भने यस वर्ष कमी देखिएको निमित्त जिल्ला न्यायाधिवक्ता प्रमोद भट्टराईले जानकारी दिए। कार्यालयले स्थानीयस्तरसम्म पुगेर विद्यामान कानूनमा भएको व्यवस्थाको विषयमा जानकारी दिएसँगै उजुरी दिनेको संख्या वृद्धि भएको उनको भनाइ छ।

भट्टराईले भने, ‘कार्यालयमा आएका मुद्दामध्ये ७० प्रतिशत मुद्दा जबर्जस्ती करणीका मुद्दा रहेका छन, गत वर्षको तुलनामा बहुविवाहका मुद्दामा भने कमी आएको छ, विशेष गरेर हामीले स्थानीयस्तरसम्मका पुगेर कानूनी प्रावधानको विषयमा जानकारी दिएको कारण न्याय खोज्दैको आउनेको सङ्ख्या वृद्धि भएको देखिन्छ।’

विगत वर्षमा भूकम्पले जीर्ण भएको भवनमा बसेर काम गर्नुपर्ने अवस्था भए पनि अहिले कार्यालय भवन निर्माण भएपछि कार्यसम्पादनमा सहजता थपिएको कर्मचारीको भनाइ छ। कार्यालयमा स्तनपान कक्ष, थुनुवा कक्ष, बयान कक्ष र तयार गरिएको छ। पुरानो भवनमा छुट्टै कोठाको व्यवस्था नहुँदा कतिपय गोपनीयतालाई ध्यान राख्दै बयान लिने क्रममा समस्या हुने गरेको भए पनि अहिले त्यो अवस्थाको अन्त्य भएको कार्यालयले जनाएको छ।

भट्टराईले भने, ‘पुरानो भवनका बसेर कार्यसम्पादन गर्न असाध्यै समस्या थियो, कतिपय खण्डमा पीडितको गोपनीयतालाई ध्यानमा राख्दै छुट्टै बयान लिनुपर्ने हुन्छ त्यो अवस्थामा गाह्रो थियो, अहिले वैशाखबाट नयाँ भवनमा सरेर काम गरिरहेको छौं, यसले कार्यसम्पादनमा धेरै नै सजिलो छ।’

भूकम्पका कारण जीर्ण बनेको भवनमा कार्यसम्पादन हुँदै आएकोमा अहिले रु तीन करोड ३४ लाख लागतमा भवन निर्माण गरिएको हो। वैशाखदेखि नयाँ भवनबाट कार्यसम्पादन शुरु भएको छ। आवश्यक मापदण्डअनुसारको भवनबाट सेवा लिन पाउँदा सहजता थपिएको सेवाग्राहीले बताउने गरेका छन्।

# होम क्वारेन्टिनमा मृत्यु भएकी बालिकाको रिपोर्ट नेगेटिभ

**प्युठान/मस–** प्युठानको झिमरुक गाउँपालिका वडा नं २ स्थित होम क्वारेन्टिनमा मृत्यु भएकी बालिकाको पिसिआर रिपोर्ट नेगेटिभ आएको छ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला रुपन्देहीमा कोरोना जाँच गर्दा ११ वर्षीया बालिकाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय प्युठानका सूचना अधिकारी एवं कोभिड -१९ का फोकल पर्सन पुष्कल श्रेष्ठले बताए।

गत जेठ २१ गते भारतबाट आई वडा नं २ स्थित सर्वोदय माध्यमिक विद्यालयको क्वारेन्टिनमा १४ दिन बसेपछि यही असार ३ गते उनको आरडिटी गरिएको थियो। आरडिटी रिपोर्ट नेगेटिभ देखिएपछि होम क्वारेन्टिनमै बसेकी बालिकाको असार ६ गते मृत्यु भएको हो। उनको मृत्युपछि पिसिआर जाँचका लागि स्वाब पठाइएको थियो। बालिका मिर्गौला र रक्त अर्बुदरोगको बिरामी थिइन्।

# पाल्पा अस्पतालमा पीसीआर प्रयोगशाला सञ्चालन हुने

पाल्पा/मस- कोभिड -१९ को जाँच आरटी-पीसीआर विधिबाट गर्न पाल्पा अस्पतालमा प्रयोगशाला सञ्चालन हुने भएको छ। पाल्पा जिल्ला अस्पतालमा प्रयोगशाला सञ्चालनपछि बाहिरी जिल्लामा कोरोना परीक्षणका लागि धाउनुपर्ने अवस्था हट्ने अस्पतालका अध्यक्ष नेत्रप्रसाद पाण्डेयले बताए। पाल्पा अस्पतालले सङ्घीय सरकारको निर्णयलाई स्वागत गरी असार महिनाको अन्तिम सातादेखि प्रयोगशालाबाट कोरोना परीक्षण गर्ने जनाइएको छ।




जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख विश्वनाथ न्यौपानेले स्वाब संकलन गरी परीक्षण गर्न पाल्पाबाट प्रदेशिक जनस्वास्थ्य प्रयोगशाला भैरहवा, हेटौंडाको जनस्वास्थ्य प्रयोगशाला, काठमाडौंको सरुवा रोग अस्पताल र भरतपुर अस्पतालमा पठाउनुपर्ने बाध्यता अन्त्य हुने बताए। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाल्पा अस्पताललगायत मेची अस्पताल, डडेलधुरा अस्पताल, धौलागिरि अस्पताल, दैलेख अस्पताल, धनकुटा अस्पताल, वीरेन्द्र प्रहरी अस्पताल, सैनिक अस्पताल, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र, सशस्त्र प्रहरी अस्पतालमा आरटी-पीसीआर विधिबाट स्वाब परीक्षण हुने सूचना शुक्रबार जारी गरेको थियो।

स्वास्थ्यमन्त्री भानुभक्त ढकालको उपस्थितिमा बुधबार बसेको बैठकले सरकारी तवरमा थप १० अस्पताललाई कोरोना परीक्षण गर्न प्रयोगशाला सञ्चालन गर्ने अनुमति प्रदान गरेको हो। सरकारले यसअघि सरकारी तवरबाट २३ प्रयोगशाला सञ्चालनमा ल्याएको थियो।

# पशुपतिमा आर्यघाट गंगमाई रथयात्रा

**काठमाडौं/मस–** प्रत्येक वर्ष आषाढ शुक्ल सप्तमीका दिन पशुपति क्षेत्रमा मनाइने आर्यघाट गङ्गामाईको रथयात्रा पुजारीले रथमार्गमा घुमाएर सम्पन्न गरिएको छ। विसं १८७० मा तत्कालीन राजा रणबहादुर शाहकी श्रीमती गङ्गा रानी बिरामी भएपछि पशुपति क्षेत्रमा रथयात्रा गरी ठीक भएकाले यात्रा शुरु भएको भन्ने लगतमा भेटिएको पशुपतिनाथ अमालकोट कचहरीका द्वारे पूर्ण डङ्गोलले जानकारी दिए। त्यसैबेलादेखि प्रत्येक वर्ष आषाढ शुक्ल सप्तमीको एक दिन पशुपति क्षेत्रमा रथयात्रा गर्ने गरिएको हो।



यस वर्ष धेरै जना जम्मा भएर रथयात्रा गर्न कोरोना भाइरसको सङ्क्रमण फैलन सक्ने खतरा भएकाले विधि भने पूरा गरिएको छ। यसका लागि शनिबार बिहान मूल भट्टको आदेश लिएर मूर्ति बाहिर निकालिएको थियो। गङ्गामाईका पुजारी दिनेश पौडेलले रथमार्गमा हातमै बोकी रथ घुमाएर रथ यात्रा सम्पन्न गरिएको हो।

विगत वर्षमा भने गङ्गामाईलाई रथारोहण गराई हजारौं मानिसले पशुपति क्षेत्रमा रथयात्रा गराउँथे। यस वर्ष कोभिड-१९ महामारीका कारण भीडभाड गर्नु नहुने भएकाले गुरुज्यूको पल्टन भनिने शार्दुलजङ्ग गुल्म पनि सहभागी भएनन्।

पशुपति गुठी गोश्वारा कार्यालयले आर्यघाट गङ्गामाईको रथयात्रा चलाउने गरेको छ। यात्राका क्रममा मार्गमा स्यावजी छर्ने, फूलमाला वर्षाउने, दक्षिणा चढाउने, यात्रा मार्गमा सम्यवजी वितरण गर्ने लगायत काम हुने जनाइएको छ। यात्रा सकेपछि यसका रकमीलाई प्रसाद वितरण समेत गरिएको छ। रथयात्राको पूजा आराधना एवं दर्शन गरेमा रोग नलाग्ने, मानिस स्वस्थ हुने भन्ने जनविश्वास छ।

### नेपाल...

बताएका छन। विज्ञका अनुसार करोडौंको संख्यामा रहने सलहले हरियो वनस्पतिलाई छोटो समयमा पात र डाँठसमेत खाएर नष्ट पारिदिन्छ। जेठ देखि असोजसम्म बढी प्रकोप हुने सलह किरा एकै दिनमा १५० किलोमिटर भन्दा टाढासम्म पुगेर बालीनालीमा क्षति पुर्‍याउने विज्ञ बताएका छन्।

प्राविधिक टोली खटिएको छ, त्यसको क्षतिको प्रकृति जातलगाएतका बारेमा चाडैं पत्ता लगाउने मन्त्रालयले जनाएको छ। सलह किराको जातको पहिचान र व्यावस्थापन लगायतका काममा प्राविधिक टोली परिचालन भएको जनाएको छ।

### केहीबेर...

तर, त्यसबेला बैठक बालुवाटार नभएर धुम्बाराहीमा बसेको थियो। प्रधानमन्त्री ओलीले स्वास्थ्य समस्या देखाएर बैठकमा बसेका थिएनन्। प्रचण्डले पूरै बैठक चलाएका थिए। उक्त बैठकले केन्द्रीय कमिटी बैठक बोलाउने निर्णय नै गरेपछि बैठक बसेको थियो।

बैठक अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा बसेको थियो। बैठकमा प्रधानमन्त्रीको स्वास्थ्य समस्याका कारण बैठकमा अनुपस्थित रहेको प्रवक्ता श्रेष्ठले बताए। नेकपाको बैठकमा कोभिड महामारी नियन्त्रणमा भएको प्रयास र सुधार पर्नुपर्ने विषयबारे छलफल हुनेछ। यसपछि सरकार र पार्टी सञ्चालनबारे छलफल हुनेछ। प्रधानमन्त्री केपी शर्मा ओली इतर समूहले सरकारले प्रभावकारी काम गर्न नसकेको भन्दै कडा रुपमा प्रस्तुत हुने संकेत दिएका छन्। यसर्थ, असार १६ गते पछाडि बस्ने बैठकलाई निकै महत्वका साथ हेरिएको छ।

### ७७ वटै ...

अस्पताल, दैलेख अस्पताल, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र काठमाडौं, सशस्त्र प्रहरी अस्पताल बलम्बु, पाल्पा अस्पताल तानसेन, धौलागिरि अस्पताल बागलुङ, धनकुटा अस्पताल, नेपाल प्रहरी अस्पताल र नेपाली सेना अस्पताल काठमाडौंमा प्रयोगशाला स्थापना गरिनेछ।

अहिले मुलुकभर २३ स्थानमा पिसिआर विधिबाट कोभिड-१९ को परीक्षण हुने गर्दछ। मन्त्रालयले सम्भावित सङ्क्रमितको अवस्था हेरेर ती ठाउँमा प्रयोगशाला स्थापना गर्न थालेको हो। यी नयाँ १० ठाउँसँगै अब ३३ ठाउँबाट कोभिड-१९ को पिसिआर विधिबाट परीक्षण हुनेछ।

नयाँ ठाउँबाट कोभिड-१९ को परीक्षण गरे दैनिक १० हजार जनाको परीक्षण गर्न सकिने मन्त्रालयले जनाएको छ। अहिले २३ प्रयोगशालाबाट दैनिक छ हजार पिसिआर विधिबाट परीक्षण गर्दै आइरहेको छ। अहिलेसम्म दुई लाख छ हजार २७१ जनाको पिसिआर परीक्षण गरिएको छ।

### दूतावास ....

भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको छ। बिबिसीको सम्पर्कमा पुगेका उनले आँखाभरि आँसु निकाल्दै भनेका छन्, ‘दूतावासमा ४० पटक धाइसकें, तर मेरो कुरा कसैले सुन्दैनन्।’ भिडियोमा उनले एउटा सिफारिश माग्दै दैनिक दूतावास पुगको बताएका छन्।

म्यानपावर कम्पनीलाई डेढ लाख बुझाएको भन्दै उनले आफुलाई भनेको काम नदिइएको बताएका छन्। राजदूत कृष्णप्रसाद ढकालले म्यानपावर कम्पनीसँग छलफल भइरहेको र म्यानपावर कम्पनीले टिकट पठाइदिएपछि उद्धार गरी स्वदेश पठाइदिने बिबिसीलाई बताएका छन्।

# कर्भडहल निर्माणका लागि जग्गा खोज्दै भलिबल संघ

मध्यान्ह संवाददाता
काठमाडौं, १३ असार

नेपाल भलिबल संघले पूर्वाधार निर्माणका लागि तयारी थालेको जनाएको छ। नेपालको राष्ट्रिय खेल भलिबल भए पनि आफ्नो छुट्टै संरचना नभएको भन्दै चौतर्फी चर्चा भएपछि सरकारले आर्थिक वर्ष २०७७-०७८ को बजेटमा सरकारले काठमाडौं उपत्यकाभित्र सुविधासम्पन्न कर्भडहलका लागि ५० लाख रुपैयाँ विनियोजन गरेको छ।



उक्त पैसा पर्याप्त नभएपनि काम शुरु गर्न सकिने भएकाले यसमा थप गर्न सकिने राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य सचिव रमेशकुमार सिलवालले बताइ सकेका छन्।

वजेट विनियोजन भएपछि नेपाल भलिबल संघका पदाधिकारीहरुले अहिले काठमाडौंका विभिन्न ठाउँमा जग्गा हेर्न गएको जनाइएको छ।

यसैक्रममा ललितपुरको महालक्ष्मी नगरपालिका वडा नम्बर ९ लामाटार (लुभु)मा जग्गा हेरिएको भलिबल संघका अध्यक्ष मनोरञ्जन रमण शर्माले जानकारी दिए।

उनले भने 'जग्गा हेरेका छौं। अहिले नै सबै कुरा अन्तिम भइसकेको छैन। अनेत्र पनि हेरेर जहाँ राम्रो हुन्छ त्यही पूर्वाधार बनाउने गरि भलिबल संघले काम अघि बढाउँछ।' अध्यक्ष शर्माले यो वर्ष कभर्डहलका लागि जग्गा खोजेर निर्मण प्रकृया अघि बढाउने लक्ष्य रहेको पनि बताए।

जग्गा अनुगमनका लागि काठमाडौंमा उपलव्ध भएका भलिबल संघका पदाधिकारीहरु पुगेका थिए।

# 'विश्वविद्यालयस्तरको पढाइमा बौद्धिक परिवारका बालबालिकामा दवाब बढी'



**स्वीट्जरल्याण्ड, एएनआई-** विश्वविद्यालयको अध्ययनका शिलशिलामा सामान्यभन्दा बौद्धिक परिवारका बालबालिकामा अध्ययनबारे अनावश्यक बढी दवाव रहने गरेको देखिएको छ।

स्विडेन र जर्मनीका अन्वेषकहरूको एक समूहले 'फ्रन्टियर्स इन साइकियाट्रिक' नामक अनुसन्धानमुलक जोर्नलमा हालै सार्वजनिक प्रतिवेदनमा प्रथम वर्षका छात्राहरूको कपालको विश्लेषण गरेर यो पत्ता लगाएको हो। अध्ययन लेखक बर्न विश्वविद्यालयका प्राध्यापक अलेक्स बर्ट्रम्स र रुहर विश्वविद्यालय बोचमका (आरयूबी) का नीना मिङ्कलेको समूहले गरेको अध्ययनको निष्कर्ष हो। उक्त अध्ययनले विद्यार्थीहरू आफ्नो डिग्री नराख्ने हो भने उनीहरूको परिवारको सामाजिक प्रतिष्ठा खतरामा पर्नसक्ने भन्दै उनीहरूले सामान्यभन्दा बढी तनाव लिने गरेको देखिएको छ।

तनावपूर्ण अवस्थामा, शरीरले 'हर्मोन कोर्टिसोल'को बढ्दो मात्रा जारी गर्दछ, जुन बढ्दो कपालमा पनि देखिन्छ। यदि बढ्दै गरेको कपालमा लामो समयसम्म 'हर्मोन कोर्टिसोल'को स्तर उच्च रहन्छ भने कुनै व्यक्तिमा बढी तनाव रहेको मान्न सकिन्छ अनुसन्धानको निष्कर्षमा भनिएको छ।

उक्त अनुसन्धान टोलीले विभिन्न ७१ व्यक्तिलाई अध्ययन परीक्षणका लागि नमूना बनाएको थियो। यसमा किशोरीहरूले विश्वविद्यालयको अध्ययन शुरू गरेपछिका केही समयमा कपालमा 'हार्मोन कोर्टिसोल'को मात्रालाई आधार बनाएर अशिक्षित तथा शिक्षित परिवारका सदस्यमा हुने तनावबारे अध्ययन भएको हो।

"एकमात्र समावेशी मापदण्ड यो हो कि आफ्नो पहिलो सेमेस्टर शुरू गरेका छात्राहरूको कपाल लामो भएको थियो," आरयूबीका नीना मिङ्कलेले व्यवहारिक जीवविज्ञान र जीव विज्ञान अनुसन्धान समूहको निष्कर्षबारे व्याख्या गरे।

"हामीले लगभग महिलालाई मात्र अनुसन्धानको दायरामा राख्यौं तर अनुसन्धानका लागि कोही पनि सोही उमेर समूहका पुरुषहरू समावेश नगर्ने निर्णय गर्यौं किनकि महिलाहरूको एकै प्रकारको नमूनाको अध्ययनबाट नतिजालाई थप विश्वशनीय बनाउने हाम्रो उद्देश्य थियो," मिन्कलेले थपे।

सहभागीहरूले अनुसन्धान टोलीलाई प्रत्येकको टाउकाको किनाराको पातलो कपाल अनुसन्धानका लागि लिइन्थ्यो। प्रतिमहिना कपाल एक सेन्टिमिटर बढ्ने भएकोले अनुसन्धानकर्ताहरूले सेमेस्टरको शुरूदेखि छ हप्ता मा बढेको कपालको पछिल्लो डेढ सेन्टिमिटर भागको परीक्षण गरेका थिए।

इसबाहेक सहभागीहरूलाई दिइएका प्रश्नावलीको जवाफ ती छात्राहरूको अभिभावकहरूको शैक्षिक पृष्ठभूमिको बारेमा जानकारी प्रदान गरेको बताइउको छ। उनीहरूलाई विश्वविद्यालयमा अध्ययनका क्रममा उनीहरूले विषयगत रूपमा महसुस गरेको तनावको बारेमा पनि सोधिएको थियो।

अध्ययनबाट यो पत्ता लाग्यो कि शिक्षित परिवारका पहिलो सेमेस्टरका विद्यार्थीहरूका कमसेकम एक अभिभावकले विश्वविद्यालयबाट उच्च शिक्षा हाँसिल गरेका थिए। तर त्यस्ता अभिभावकका सन्तानले गैर-शिक्षित परिवारका विद्यार्थीहरूको तुलनामा उच्च तनाव रहेको अध्ययनबाट थाहा हुन आएको बताइएको छ। यद्यपि उनीहरूमा अन्य पक्षमा खासै फरक थिएन। उदाहरणका लागि, व्यक्तिपरक अनुभूतिका तनावका तहहरू, उस्तै थिए।

अनुसन्धान टोलीले यो नतिजाको व्याख्यामा शिक्षित परिवारका महिला विद्यार्थीहरू अध्ययनको नतिजालाई लिएर बढी दबाबमा पर्ने सङ्केतहरू मिलेको थियो। शिक्षित परिवारका विद्यार्थीले आफ्नो पढाइको नतिजाले परिवारको प्रतिष्ठामा आँच आउने हुँदा नतिजा राम्रो ल्याउनका लागि दवाव रहेको अध्ययनका क्रममा सोधिएका प्रश्नावलीको उत्तरमा पनि झल्किन्थ्यो।

यो समाजशास्त्रीय अध्ययनमा भएका निष्कर्षहरूसँग मिल्दोजुल्दो छ। अध्ययन अनुसार शिक्षाविद्का बच्चाहरूले विद्यालयको नतिजाको तुलनामा विश्वविद्यालयको नतिजा कमजोर रहने सम्भावना बढी रहने गर्छ। "अर्कोतर्फ, गैर-शिक्षित अविभावकका बच्चाहरू तनाव कम लिन्छन साथै शिक्षित परिवारका सन्तानलाई परीक्षाको नतिजामा पछाडि पार्छन्," मिन्कलेले आफूहरूको अध्ययन प्रतिवेदनको व्याख्या गर्दै भने।

# लिभरपुलले १० मिलियन बोनस बाँड्ने




© AFP via Getty Images

**लण्डन, मस–** तीन दशकपछि प्रिमियर लिगको उपाधि जितेको लिभरपुलले खेलाडी र आफ्ना प्रतिस्पर्धी क्लवलाई बोनस बाँड्ने भएको छ। जसमा उसले कुल १० मिलियन पाउण्ड बोनस बाढ्ने भएको छ।

लिगको उपाधि जितेपछि क्लवले चार मिलियन पाउण्ड खेलाडीलाई बोनसका रुपमा बाँड्ने छ भने बाँकी उसले विभिन्न क्लवबाट खेलाडी अनुबन्ध गर्दा गरेको सम्झौताका आधारमा रकम दिनुपर्ने भएको छ।

खेलाडी ट्रान्सफर गर्दा राखिएको शर्त अनुसार लिभरपुलले आर्सनल, साउथह्याम्टन, चाल्टोनलाई मोटो रकम दिनुपर्ने भएको हो।

लिभरपुलले खेलाडीको व्यक्तिगत बोनसमा एक जनालाई एक लाख ५० हजार पाउण्ड दिनेछ भने तर पछिल्लो पटक अनुबन्ध गरेका खेलाडीलाई पाँच लाख देखि साँढे सात लाख पाउण्डसम्म दिनेछ।

त्यसमा भान डायक, फाबिन्हो, एलीसोन, नाबी केइटा, एलेक्स चाम्बेरलिन जस्ता खेलाडी जो मोटो रकममा लिभरपुल आएका थिए, उनीहरुलाई बोनसपनि धेरै दिनुपर्नेछ।

यस्तै उसले घरेलु प्रतिद्वन्द्वी क्लवलाई पनि बोनस दिनेछ। त्यसमा धेरै रकम पाउनेमा साउथह्याम्टन रहेको छ। उसले करिव तीन मिलियन पाउण्ड पाउनेछ। सो क्लवबाट भान डायक, साडीयो माने, एडम लालाना, डिजन लोर्भेन लिभरपुल आएका थिए।

यस्तै आर्सनलले पनि सम्झौता अनुसारको रकम पाउनेछ। च्याम्पियनसिप क्लव हल सिटी र चार्लटोन पनि रकम लिनका लागि तयार रहेका छन्। लिभरपुलले बोनस दिनुभन्दा उपाधि जित्नु ठूलो ठानेको छ। त्यसैले पनि उसले रकम दिनका लागि कुनै कन्जुस्याई गरेको छैन।

क्लवको मुख्य प्रायोजक स्ट्यान्डर्ड चार्टड र किट उपलब्ध गराउने कम्पनी न्यू ब्यालेन्सले पनि लिभरपुललाई बोनस दिनेछन्। यस्तै क्लवको किट उपलब्ध गराउने नयाँ कम्पनी नाइकीसँग क्लवले एक सिजनको ३० मिलियन पाउण्डमा सम्झौता गरेको छ। उसले क्लवलाई कुल विक्रि भएको २० प्रतिशत सेयर दिनेछ।

# पूर्व सदस्य–सचिव सिंहको निधन



**काठमाडौं, मस–** राष्ट्रियखेलकुद परिषद् (राखेप) का पूर्व सदस्य-सचिव राजबहादुर सिंहको ८८ वर्षको उमेरमा निधनभएको छ। सिंहको शुक्रबार राति छाउनीस्थित निवासमा निधन भएको नाति सुशील मल्लले जनाएका छन्। सिंह लामो समयदेखि दमको रोगबाट पीडित थिए। स्व. सिंह राखेपका सातौं सदस्य-सचिवहुन्। उनी२०४८ देखि २०५० सालसम्म राखेपको सदस्य-सचिवको जिम्मेवारीमा थिए।

स्व. सिंहको शनिबार पशुपति आर्याघाटमा अन्त्येष्टि गरिएको छ। स्व. सिंहका श्रीमति, दुई छोरा र छोरी छन्।

पूर्व खेलाडी समेत रहेका सिंहले खेल मण्डल र विध्या ब्यायमबाट खेलेका थिए। यसका साथै उनले नेपालबाट आगा खाँ गोल्पकप पनि खेलेका थिए। नेपाल ११ टिमको कप्तानी गर्दै उनले १९६३ मा पाकिस्तानको ढाका (जुन अहिले बंगलादेश) मा प्रतियोगिता खेल्दा महत्वपुर्ण सदस्य रहेका थिए।

राखेपका सदस्य-सचिव रमेशकुमार सिलवालले स्व. सिंहको निधनप्रति दुःख ब्यक्त गरेका छन्।

# म्यानमारलाई ३५ करोड डलरको आपतकालीन कोष




वासिङ्टन, एएफपी- अन्तर ाष्ट्रिय मुद्रा कोषले म्यानमारलाई कोभिड-१९ महामारीका कारण सिर्जना भएको आर्थिक सङ्कटलाई व्यवस्थापन गर्न ३५ करोड ६० लाख ५० हजार अमेरिकी डलरको ऋण सहायता उपलब्ध गराउने भएको जानकारी गराइएको छ।

दक्षिणपूर्वी एशियाली मुलुक म्यानमारमा कोरोनाभाइरसको महामारीका कारण अर्थतनत्रमा परेको प्रभावसँग जुझ्नका लागि उक्त ऋण सहयोग गरिएको कोषले जानकारी गराएको छ।

"म्यानमारमा कोरोनाभाइरस महामारीका कारण पर्यटन व्यवसाय तथा विप्रेषणबाट हुने आम्दानीमा व्यापक गिरावट भएको जसका कारण आपूर्तिको श्रृङ्खला नै अवरूद्ध हुने अवस्थालाई मध्यनजर गर्दै ऋण सहयोगको व्यवस्था गरिएका हो," अन्तर्राष्ट्रिय मुद्रा कोषका उप-महानिर्देशक मित्सुहिरो फुरूसावाले एक विज्ञप्तिमार्फत् जानकारी गराएका छन्। कोषले महामारीबाट प्रभावित बनेको म्यानमारको अतिआवश्यक क्षेत्रको वित्तीय आवश्यकतालाई सम्बोधन गर्ने तथा विकास साझेदारहरूलाई सहयोगमा भूमिका खेल्ने बताइएको छ।

# ओबामाकेएर विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर




वासिङ्टन, एपी- कोरोनाभाइरसको महामारीकै बीचमा अमेरिकी ट्रम्प प्रशासनले बिहीबार ओबामाकेएरका नामले परिचित बीमा कार्यक्रम (एफोर्डेबल केएर एक्ट) खारेजीको अनुरोध गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ।

लकडाउनका कारण पाँच लाखभन्दा बढी मानिसले बिमाको प्रिमियम तीर्न नसकेको समाचार बाहिरिएकै दिन ट्रम्प प्रशासन सर्वोच्च अदालत पुगेको हो। राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू राष्ट्रपतिमा निर्वाचित भएदेखि नै यो कार्यक्रम खारेज गर्न पटकपटक प्रयास गरेका छन्।

ट्रम्प प्रशासनले तयार पारेको निवेदनमा कोरोनाभाइरसको बारेमा केही जिकिर गरिएको छैन।

ट्रम्प प्रशासनको अनुरोधलाई सर्वोच्चले सदर गरेमा करिब दुई करोड अमेरिकी नागरिकको स्वास्थ्य बीमा समाप्त हुनेछ। रिपब्लीकन पार्टीकै बहुमत रहेको अवस्थामा पनि सन् २०१७ मा ओबामाकेएर खारेज गर्ने राष्ट्रपति ट्रम्पको प्रयास विफल भएपछि उहाँ कानुनी प्रक्रियामा लाग्नु भएको हो। ओबामाकेएर कानुनमा जटिल स्वास्थ्य अवस्था रहेका मानिसलाई पनि बीमा सुविधा उपलब्ध हुने सुनिश्चितता गरिएकाले यो कानुनी व्यवस्था प्रतिकूल निर्णय गर्न ट्रम्प प्रशासन र अदालतमाथि दबाब छ।

राष्ट्रपति ट्रम्पले स्वास्थ्य प्रतिकूल भएका कुनै पनि अमेरिकीको स्वास्थ्य संरक्षण गरिने आश्वस्त पार्न खोज्नु भएको छ। राष्ट्रपतिको यो भनाईप्रति ह्वाइट हाउस वा रिपब्लीकन पार्टीले कुनै ठोस योजना भने अघि सार्न सकेका छैनन्।

कोरोनाभाइरसका कारण अमेरिकी अर्थतन्त्रमा नकारात्मक असर परेसँगै करिब दुई करोड ७० लाख मानिस बेरोजगार भएकाले पनि स्वास्थ्य बीमा कार्यक्रममा असर पर्न लागेको हो।

# पाकिस्तानी पूर्वप्रधानमन्त्री शरिफविरुद्ध मुद्दा दायर



**लाहोर, पीटीआई-**पाकिस्तानका पूर्व प्रधानमन्त्री नवाज शरिफका विरुद्धमा भ्रष्टाचारसम्वन्धी मुद्दा दायर गरिएको छ। पाकिस्तानको भ्रष्टाचार नियन्त्रणसम्वन्धी निकायले भ्रष्टाचार गरेको भन्दै उहाँका विरुद्धमा मुद्दा दायर गरेको अधिकारीहरुले जनाएका छन्।

उनीसँगै अरु तीन जनलाई पनि ३४ बर्ष अगाडिको प्रञ्जाव प्रान्तको जग्गासम्वन्धी काम कानुन विपरित गरेको भन्दै दोषी दावी गरेर मुद्दा दायर गरिएको हो।

स्वास्थ्य उपचारका क्रममा अहिले बेलायतको लण्डनमा रहेका ७० बर्षीय शरिफलाई पक्राउ पुर्जी पनि जारी गरिएको छ।

पाकिस्तानमा तीन पटक प्रधानमन्त्री भएका शरिफलाई यस अघि भ्रष्टाचारसम्वन्धी अन्य मुद्दा पनि लगाइएको छ। अहिलेको मुद्दामा उहाँसँगै दोषी दावी गरिएकामा जङ्ग/जेओ मिडिया ग्रुपका सञ्चालक मिर शकिलुर रहमान, लाहोर विकास प्राधिकरणका पूर्व निर्देशक हुमायुन फइज रासुल र पूर्व भूमि निर्देशक मिअन बसिर रहेका छन्।

सन् १९८६ मा शरिफ पञ्जाबको मुख्यमन्त्री हुनुभएको थियो। मुख्यमन्त्री रहेको समय उनले अवैध तरिकाले मिर शुकिलुर रहमानलाई लाहोरको केही जग्गा दिलाएको दावी गरिएको छ।

सो कार्य गर्दा शरिफ र दुई जना सरकारी उच्च अधिकारीले कानुनको उलङ्घन गर्दै शक्तिको दुरुपयोग गरेको आरोप लगाइएको छ। अन्य मुद्दासमेतमा आरोप लागेर दण्ड सजाय भोगेका शरिफले उपचारका लागि अदालतले अनुमति दिएपछि गत नोभेम्बरमा लण्डन गएका हुन्।

उन उपचारका लागि चार हप्ताका लागि मात्रै अनुमति पाएपनि अहिलेसम्म बसिरहनु भएको छ। शरिफकी श्रीमतीको पनि दुई बर्ष अगाडि उपचारकै क्रममा लण्डनमा निधन भएको थियो।

# दक्षिण अफ्रिकामा कम्तीमा एक लाख व्यवसाय बन्द हुने अवस्थामा

**जोहानेसवर्ग, एजेन्सी–** कोरोनाभाइरसको विश्वव्यापी महामारीको प्रभावका कारण दक्षिण अफ्रिकाको अर्थतन्त्रमा व्यापक प्रभाव परेको अर्थशास्त्रीहरूले बताएका छन्। दक्षिण अफ्रिकाका वरिष्ठ अर्थशास्त्री दावी रूड्टले महामारीका कारण खासगरी दक्षिण अफ्रिकाका करिब एक लाख साना, मझौला तथा सुक्ष्म खालका व्यवसायहरू धराशायी भएका बताए।

कोभिड-१९ का कारण बन्द हुने अवस्थामा पुगेका उल्लेख्य व्यवसायहरू बन्द हुने अवस्थामा पुगेको उहाँले सिन्ह्वासँगको कुराकानीमा उनले बताए। यसका कारण अफ्रिकी यस मुलुकमा कम्तीमा २० लाख रोजगार गुम्ने खतरा रहेको उनको भनाइ थियो। सरकारद्वारा उपलब्ध गराइएको कर छुट तथा राहत रकमले हजारौं व्यवसायलाई बचाउँन सम्भव नभएको उहाँले बताउनुभयो।

"अर्थतन्त्र महामारीभन्दा पहिल्यै सङ्कटमा रहेको थियो र महामारीका कारण यसलाई थप सङ्कटमा पुर्‍याएको छ," उनले थपे। रूड्टले भने, "सरकारको कर छुट तथा राहतको योजनाले केही कम्पनीहरूलाई राहत दिने देखिएपनि अधिकांश स्थायीरूपमा बन्द हुने जोखिममा रहेका छन्।"

# मेलबोर्नमा कोरोनाभाइरस पुनः देखिएपछि परीक्षण अभियान सञ्चालन

**मेलबोर्न, एजेन्सी–** अस्ट्रेलियाको दोस्रो ठूलो शहर मेलबोर्नमा ठूलै संख्यामा कोरोनाभाइरसबाट संक्रमित देखिएको भन्दै शुक्रबार स्वास्थ्यकर्मी व्यापक परिचालन गरेर परीक्षण आरम्भ गरिएको छ।

मेलबोर्नमा कोविड-१९ का नयाँ ३० जना संक्रमित भेटिएका स्वास्थ्य अधिकारीहरुले बताएका छन्। स्वास्थ्य अधिकारीहरुले अस्ट्रेलियामा कोरोनाभाइरस प्रसारको दोस्रो लहर आउन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन्। विगतमा अस्ट्रेलियाले कोविड-१९ को रोकथामका लागि निकै सफल मानिएको थियो।

मेलबोर्नमा विगत १० दिनदेखि कोरोना संक्रमितको संख्यामा लगातार दुई अंकको वृद्धि देखिएको छ। छिमेकी भिक्टोरिया राज्यमा पनि यही अवस्था छ। तर अस्ट्रेलियाका अरु राज्यमा केही हप्तादेखि कोरोना संक्रमितको संख्या नगण्य मात्र छ। सरकारले गएको सप्ताहान्तदेखि मेलबोर्नका अति प्रभावित क्षेत्रमा झण्डै २०० सैनिक परिचालन गरेको छ। उनीहरुले कोरोनाभाइरसको परीक्षणमा स्वास्थ्यकर्मीहरुलाई मद्दत गरिरहेका छन्। स्वास्थ्यकर्मीहरु मानिसका घरघरै गएर स्वास्थ्य परीक्षणमा जुटेका छन्।


अस्ट्रेलियाली सेनाले परीक्षणमा सघाउन शुरुमा एक हजार सैनिक खटाउने घोषणा गरेको थियो। सैनिकलाई विदेशबाट फर्केहरु दुई साताको क्वारेन्टिनमा अनिवार्य बस्नुपर्ने नियमको पालना भए नभएको रेखदेख गर्ने जिम्मेवारी पनि दिइएको छ। तर राज्य सरकारले सेनाको संख्या कटौती गरी २०० मा झारेको छ।

भिक्टोरियाका प्रधानमन्त्री डानियल एन्ड्रुजले तोकिएको क्षेत्रमा १० दिनभित्र एक लाख व्यक्तिको परीक्षण गर्ने लक्ष्य राखिएको जानकारी दिऐ। राज्यका उपस्वास्थ्य प्रमुख अन्नालिस भान डिमिनका अनुसार २४ घण्टामा यहाँ करिब २० हजारको परीक्षण गरिएको छ।

मेलबोर्नमा कोरोनाभाइरस संक्रमित व्यक्तिको संख्या ह्वात्तै बढेपछि अधिकारीहरु तनाबमा परेका छन्। कतिपय राज्यहरुले भिक्टोरियाका नागरिकको सम्पर्कमा नआउन आग्रह गरिरहेका छन्।

अस्ट्रेलियामा हालसम्म करिब सात हजार ५०० कोरोना संक्रमित भेटिएका र त्यसमध्ये करिब एकसय चार जनाको मृत्यु भएको थियो।

# अमेरिकामा एकै दिन ४० हजार संक्रमित



**वासिंङ्टन डिसी, एजेन्सी–** अमेरिकामा एकै दिन ४० हजार जना कोरोना संक्रमित भेटिएका छन्। यो संख्या अमेरिकामा एकैदिनमा फेला परेको पहिलो पटक हो। अमेरिकाका संक्रमण रोग प्रमुख विज्ञ एन्थोनी फाउजीले अमेरिकामा कोरोनाको गम्भिर समस्या रहेको बताए। फाउजीले कोरोना भाइरस विरुद्धको लडाई समाप्त पार्न सबै एकजुट हुनुपर्ने बताए। स्वास्थ्य विज्ञहरुले अमेरिकामा कोरोना संक्रमण समाप्त पार्न अझै धेरै गर्नुपर्नेमा जोड दिएका छन्। पछिल्लो समय अमेरिकाको १६ वटा राज्यमा कोरोना संक्रमणको जोखिम अध्याधिक रहेको छ। अमेरिकामा हालसम्म २४ लाख भन्दा वढी कोरोना संक्रमित भइसकेका छन् भने एक लाख २४ हजार भन्दा बढीको मृत्यु भइसकेको छ।

# माथिल्लो तामाकोशीको सबैभन्दा जटिल काम आज सकिँदै

**रमेश लम्साल/रासस**
काठमाडौं, १३ असार

सरकारले लकडाउन गरेपनि एकाध दिन बाहेक काम नरोकिएको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको सबैभन्दा महत्वपूर्ण र जटिल निर्माणसम्बन्धी काम आज सकिँदैछ । कूल ४५६ मेगावाट क्षमताको राष्ट्रिय गौरवको आयोजना माथिल्लो तामाकोशीको जटिल मानिएको दुई ठाडो सुरुङको काम लकडाउनको समयमा सम्पन्न भएको छ । आयोजनाका प्रवक्ता डा.गणेश न्यौपानेका अनुसार कूल ६८३ मिटर लामो दुई ठाडो सुरुङमा पाइप जडानको काम पूरा भएको छ। गत असारदेखि ठाडो सुरुङमा पाइप जडानको काम शुरु भएको थियो । वर्षदिनमा जटिल काम सम्पन्न भएको हो ।



उनले भन् "करिब करिब दुई वटा ठाडो सुरुङमा पाइज जडानको काम पूरा भएको छ । केही काम आज राती गरेर आइतबार पूरा हुनेछ । " कूल ३७३ मिटर लामो तल्लो ठाडो सुरुङको पाइप जडान यसअघि नै सम्पन्न भएको छ । पाइप जडानको काम सकिएपछि अष्ट्रियन कम्पनीले थप कामका लागि भारतीय कम्पनीलाई जिम्मा लगाउँछ । एउटा पाइप राख्न न्यूनतम पाँच दिन लागेको थियो । तल्लो ठाडो सुरुङको काम अष्ट्रियन निर्माण व्यवसायी एन्ड्रिज हाइड्रोले गरेको हो । कार्यकुशलता देखाउन नसकेको भारतीय निर्माण व्यवसायी टेक्सम्याकोले लकडाउनको समयमा आफूलाई अब्बल सावित गरेको छ। प्राप्त विवरणअनुसार कूल ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङमा पाइप जडानको काम सकिएको छ।

प्रवक्ता न्यौपानेका अनुसार अब बाँकी २२.५ मिटर मध्ये २० मिटर शुक्रबारसम्म काम सम्पन्न गरिनेछ । बाँकी २.५ मिटर भने तेर्सो पाइपमा जोड्नुपर्ने भएकाले जडानका लागि थप केही समय लाग्नेछ । "सम्पन्न भएको स्थानमा कङ्क्रिट गर्ने काम बाँकी छ, ती काम सँगसँगै अगाडि बढेका छन् । सो काम आगामी बिहिबारसम्म सकिन्छ। हामी एउटा सकारात्मक अवस्थामा पुगेका छौं । लकडाउनको समयमा सहज रुपमा काम हुनु आफैमा खुसीको विषय बनेको छ", प्रवक्ता न्यौपानेले भन् ।

माथिल्लो र तल्लो ठाडो सुरुङको बीचको १०० मिटर लामो सुरुङमा पाइपनै जडान गरिने भएकाले असजिलो काम सकिएपछि निर्माण व्यवसायी सो कामका लागि परिचालित हुनेछ। सो कार्यका लागि थप एक महिना समय लाग्नेछ । तेर्सो स्थानमा राखिने केही थान पाइप भारतको कोलकात्तामा छ। कोरोनाले भारतबाट ती पाइप आयातका लागि समस्या भएको छ । " निर्माण व्यवसायीले ती सामान ल्याउन पहल गरेको छ, कहिले आइपुग्छ भनेर अहिल्यै भन्न सकिने अवस्था छैन " उनले भने " हामीले सकेसम्म ती पाइप ल्याउन निरन्तर आग्रह गरिरहेका छौ ।" चालू आव सकिन अझै १७ दिन बाँकी भएकाले आयोजनाको अन्य काममा भने थप प्रगति हासिल हुने विश्वास लिइएको छ ।

आयोजनामा लगानी गर्ने शेयरधनी १० लाख बढी छन् । नियमितरूपमा पूर्ण क्षमतामा काम हुन पाएको भए राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काम करिब सम्पन्न हुने अवस्थामा पुग्ने थियो। भूकम्प, नाकाबन्दी र कोरोना कहरसँग जुधेर आयोजनाले आयोजना सम्पन्न हुने चरणमा पुगेको छ । यसअघि तय गरिएको कार्यतालिकामा निर्माण सकिएको भए दैनिक करिब रु पाँच करोड बराबरको क्षतिसमेत नहुने अवस्था आउने थियो ।

हाल सुरुङमा कङक्रिट लाइनिङ र ग्राउटिङको काम भइरहेको छ । बाँधस्थलको गत वैशाखमानै परिक्षण सम्पन्न भइसकेको छ । प्रसारण लाइन निर्माणको काम पूरा भइसकेको छ।

राष्ट्रिय गौरवको आयोजना भएकाले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले लकडाउनको समयमा गृह मन्त्रालयसँग आवश्यक समन्वय गरेर निर्माण सामग्रीको ढुवानीमा सहजीकरण गरिदिनुभएको थियो । थप पाइप आयातका लागि समेत मन्त्रालयले विशेष पहल गरिरहेको छ। मन्त्री पुनकै पहलमा आयोजनाले यसअघि केही अत्यावश्यक सिमेन्ट, रडलगायत सामग्रीको नियमित आयात गरेको थियो । आयोजनास्थलमा लकडाउनको समयमा झण्डै ६५० श्रमिक कार्यरत थिए । विद्युत् उत्पादन गर्ने उपकरणलगायत सामग्री भने जडान गरेर तम्तयारी हालतमा राखिएको छ । पाइप जडानलगायत अन्य प्राविधिक काम सम्पन्न गरेर सकेसम्म चाँडो पहिलो युनिट सञ्चालनमा ल्याउने तयारीमा नेपाल विद्युत् प्राधिकरण जुटेको छ । एउटा युनिटबाट ७६ मेगावाट विद्युत् उत्पादन हुनेछ । आयोजनामा कूल छ वटा विद्युत् उत्पादन गर्ने युनिट छन् ।

सो आयोजनाको हाल भौतिक प्रगति ९९ दशमलव छ प्रतिशतको हाराहारीमा पुगेको छ। आयोजनाले भने अब प्रगति मापन नगर्ने, काम सम्पन्न गर्ने लक्ष्य राखेको छ । प्रसारण लाइन निर्माण र सवस्टेशनको काम सम्पन्न हुने चरणमा पुगेको छ । कूल २२० केभी क्षमताको प्रसारणलाइन निर्माण सकिएको भए पनि केही मल्टिसर्किटका टावरमा केही काम बाँकी रहेको आयोजनाले जनाएको छ ।

पूर्वाधार क्षेत्रका सरोकारवालाको जोड

# सरकारले साथ दिए पूर्वाधार क्षेत्रमा उल्लेख्य रोजगारी सिर्जना हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असार

सरकारले आन्तरिक रुपमा वातावरण बनाइदिएको खण्डमा नेपालको निर्माण क्षेत्रमा नै उल्लेख्य रोजगारी दिन सकिने नेपाल निर्माण व्यवसायी महासङ्घले जनाएको छ।

महासङ्घका अनुसार लकडाउन पूर्व निर्माण क्षेत्रमा कूल १५ लाख बराबरले काम गरिरहेका थिए । त्यसमा नेपाली कामदारको सङ्ख्या १० लाख र बाँकी भारतीय मजदुरको थियो । कोरोनाले धेरै जसो भौतिक निर्माणका काम बन्दप्राय भएपनि केही आयोजनाको काम भने भइरहेको छ । सरकारले देशभित्रै केही तालिम तथा क्षमता विकासको क्षेत्रमा काम गरिदिए निर्माण क्षेत्रमा ३० लाखलाई सहजै रुपमा रोजगारी दिन सकिने महासङ्घका अध्यक्ष रवि सिंह बताउँछन् ।

"सुशासनको प्रत्याभूति, खरिद ऐनको व्यवहारिक व्यवस्था गरिए ३० लाख रोजगारी सिर्जना गर्न सकिन्छ । त्यसका लागि आयोजना छनोटमा विशेष ध्यान दिनुपर्छ । यस्तै नेपाली निर्माण कम्पनीलाई मर्जरको ढोका खोलिदिनुपर्छ", उनले भने ।

कोरोनाले स्वदेश फर्किएकालाई क्षमता विकासको क्षेत्रमा केही लगानी गर्न सकिए उनीहरुलाई काम दिन सकिने अध्यक्ष सिंहको भनाइ छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको श्रव्य दृश्य अन्तरक्रियामा अध्यक्ष सिंहले कोरोनाले भारत फर्किएका मजदुर नेपाल आउन नसक्ने भएकाले उनीहरुको स्थानमा तत्कालै पाँच लाखलाई रोजगारी दिन सकिने बताए ।

सरकारले भौतिक पूर्वाधारको क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेको र सोही अनुसारको काम गरिरहेको सन्दर्भमा दक्ष श्रमिकको माग बढ्दै गएको छ । सडक, जलविद्युत्, घर तथा आवास निर्माण, तथा अन्य भौतिक निर्माणमा अदक्षदेखि दक्ष श्रमिकको ठूलो माग छ । विशेष गरी खाडी क्षेत्रमा पुगेका अदक्ष श्रमिकले कमाउने भन्दा राम्रो कमाई देशभित्रै हुन सक्ने भएकाले सरकारले क्षमता विकासमा विशेष ध्यान दिनुपर्ने उनको भनाइ छ । कृषि पछिको रोजगारी दिने प्रमुख क्षेत्र पूर्वाधार नै भएको उल्लेख गर्दै उनले कोरोनाका कारण यस वर्षको प्रमुख निर्माण अवधिमा नै काम गर्न नपाएको गुनासो गरे ।



देशभर करिब १७ हजार निर्माण कम्पनी कार्यरत रहेको जानकारी दिँदै उनले सीप र प्रविधि सिकेर विदेशबाट फर्किएका कामदारलाई रोजगारी दिन कुनै समस्या नरहेको उनको भनाइ थियो। " कोभिडले भारतीय मजदुर फर्केकोले उनीहरु आउने अवस्था छैन । त्यसलाई हामीले अवसरको रुपमा लिनुपर्छ । अन्य पेशाबाट विस्थापित भएकालाई पनि हामी काम दिन सक्छौ", अध्यक्ष सिंहले भन् ।

निर्माण क्षेत्रमा भएका निर्माण कम्पनीले मात्रै ' होल्ड ' गरेको भन्दै उनलेसार्वजनिक खरिद ऐनको व्यावहारिक संशोधन गरिए नेपालको भौतिक पूर्वाधारले एकाध वर्षमा नै ठूलो फड्को मार्ने उनलेबताए । उनलेस्थानीय तहमा नै रु पाँच करोड बराबरको कामलाई स्थानीय कामदारलाई नै काम दिने वातावरण बनाउन सरकारलाई सुझाव दिए। " कोरोनाका कारण जिल्ला र गाँउमा फर्केका दाजु भाइलाई त्यही नै रु ५ करोडसम्मको काम स्थानीय स्तरमा नै प्रतिस्पर्धा गर्ने, जिल्ला भित्रै काम गर्ने वातावरण बनोस", उनले भन् " कोभिडले एक स्थानबाट अर्को स्थानमा जाने अवस्था छैन । अब स्थानीय तहले वा जिल्लाले पनि यसमा ध्यान दिनुपर्छ । "

"यस विषयमा सरकारले विशेष सार्वजनिक खरीद ऐनमा, प्रतिस्पर्धा गर्ने वातावरण होस्, हामीलाई मागिने रु १ अर्बको काम गर्नलाई ८० प्रतिशत बराबरको अनुभव खोजिन्छ । चालु आवमा निर्माण क्षेत्रमा सरकारी र निजी गरी कूल रु आठ खर्ब बराबरको काम भएपनि कोरोनाका कारण रु तीन खर्बमा नै सीमित छ", उनले भन् ।

कोरोना कारण सरकारको पूँजीगत खर्च समेत असाध्यै कम भएको भन्दै अध्यक्ष सिंहले निर्माण व्यवसायीलाई परेको समस्या समाधानका लागि सरकारले खुल्ला हृदयले काम गर्नुपर्ने बताए । उनलेगत आवमा पूँजीगत खर्च ७० प्रतिशतको हाराहारीमा भएको भएपनि यस वर्ष ४० प्रतिशतको हाराहारीमा मात्रै हुने सम्भवना रहेकोले आगामी आवको शुरुवातीदेखि नै काम गर्ने सहज वातावरण बनाइदिन सरकारको ध्यानकर्षण गराए ।

विगतमा नेपाली कम्पनीले काम गर्ने मौका नपाएका भएपनि पछिल्ला दिनमा नेपाली निर्माण कम्पनी नै सक्षम हुँदै आएको तथ्य पेश गर्दै रु एक अर्ब माथिका काममा विदेशी ल्याउनुपर्ने प्रावधानलाई रु तीन अर्ब माथि पुऱ्याउन समेत सिंहले सुझाव दिए । नेपालको निर्माण क्षेत्रको सबैभन्दा ठूलो समस्याका रुपमा नदीजन्य सामग्रीको उत्खनन् नै रहेको भन्दै अध्य क्ष सिंहले तस्करीको शैलीमा सामग्री ल्याउनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने बताए ।

# शाओमीको रेडमी नोट ९ सार्वजनिक



**काठमाडौं/मस**–शाओमी, ग्लोबल टेक्नोलोजी लिडरले नेपालमा रेडमी नोट ९ सार्वजनिक गरेको छ। यो नोट ९ सिरिजमा सार्वजनिक गरिएको मध्य दोस्रो फोन हो। हालै सार्वजनिक भएको रेडमी नोट ९ प्रो का साथ, नयाँ रेडमी नोट स्मार्टफोन लाइनअपले कुनै फ्ल्यागसीप मुल्य बिन्दु बिना अत्याधुनिक डिजाइन र नविनता विषेशता रहेको छ । शाओमी नेपालका कन्ट्री जनरल म्यानेजर सौरभ कोठारीले भने, ' हामी नोट ९ सिरिजमा अर्को स्मार्टफोन नेपालमा सार्वजनिक गर्न पाउँदा निकै उत्साहित छौं। ५०२० एमएएच ब्याट्री, ४८ एमपी क्यामेरा र मिडियाटेक हेलियो जी८५ प्रोसेसर जस्ता विशेषताका साथ रेडमी नोट ९ हाम्रो रेडमी नोट लाइनमा एक उल्लेखनिय अनुवृद्धि हो र मी फ्यानहरुले यो उत्पादन मन पराउनेछन् भन्ने आशा राखेका छौं।' रेडमी नोट ९ ले ४८ एमपी मुख्य क्यामेरा र ८ एमपी अल्ट्रा वाइड–एंगल लेन्सका साथ फोटोग्राफीलाई अगाडि ल्याउने कम्पनीले दावी गरेको छ। यसको २एमपी म्याक्रो लेन्स र २ एमपी डेप्थ सेन्सर पूर्ण क्वाड क्यामेरा सेटअपले सबै एंगलबाट शुन्दर तस्वीरहरु खिच्दछ । अधिकतम फ्रन्ट स्क्रिन डिस्प्ले आकारका लागि डिस्प्लेमा १३एमपी क्यामेरा राखिएको छ । रेडमी नोट ९ को सिनेमेटिक पोट्रेट र भिडियो मोडले प्रयोगकर्तालाई फिल्महरुमा सामान्यतय प्रयोग गरिने समान ढाँचाको २.३९:१ एसपेक्ट रेसियोको फोटो वा भिडियो खिचेर निर्देशकमा परिणत गर्दछ । यसका साथै, विभिन्न ६ क्यालिडोस्कोप अप्सनका साथ सबैले छिट्टै शुट गर्न, एकै पलमा आकर्षक भिडियो खिच्न सक्छन् र नयाँ डकोमेन्ट मोडले स्मार्टफोनलाई पकेट साइजको स्क्यानरमा रुपान्तरण गर्दछ। ठुलो ५०२० एमएएच ब्याट्रीका साथ प्याकिंग गरिएको रेडमी नोट ९ ले अर्को दिनसम्मका लागि पुग्ने पर्याप्त पावर रहेको छ । यो उपकरण बक्समा २२.५ वाट्ट फास्ट चार्जरका साथ आउँछ जुन अन–द–गो प्रयोगकर्ताहरुका लागि आदर्श साथी बन्छ । रेडमी नोट ९, फ्रन्टमा कर्निंग गोरिला ग्लास ५ ले सुरक्षित गरिएको इमर्सिभ ६.५३ इन्च डट डिस्प्लेका साथ नयाँ लुकमा आकर्षक देखिएको छ । यसमा ३.५एमएम हेडफोन ज्याक, आईआर ब्लास्टर जस्ता फ्यानहरुको लोकप्रिय अन्य विशेषताहरुको एरे समावेश रहेको छ। रेडमी नोट ९ प्रयोगकर्ताले कुनै पनि स्टाइललाई मिल्ने दुई मोहक कलर –मिडनाइट ग्रे र फरेस्ट ग्रीन छनौट गर्न सक्छन् । रेडमी नोट ९, २२ हजार ९ सय ९९ मूल्यमा १८०० भन्दा बढि मी प्रिफर्ड पार्टनर रहेको छ । मी अफलाइन स्टोर, रिटेल पार्टनर र अनलाईन पार्टनर डराज र सस्तोडिलमा छिट्टै उपलब्ध हुने कम्पनीले जनाएको छ । यो ४जीबीं१२८जीबी भेरियन्टमा दुई कलर– मिडनाइट ग्रे र फरेस्ट ग्रीनमा उपलब्ध हुने कम्पनीले बताएको छ ।

# लकडाउन अवधिको भाडा पुरै छुट गर्न व्यवसायीको माग

नेपाल राष्ट्रिय व्यवसायी महासंघ
National Federation trade & Commmerce Of Nepal

**काठमाडौं/मस**-नेपाल राष्ट्रिय व्यवसायी महासंघले लकडाउन अवधिभरको पुरै भाडा मिनाहा गर्न माग गरेको छ। लकडाउनमा पुरै सटर बन्द भएको र लकडाउनको मोडालिटी परिवर्तन भएपछि पनि व्यापार ठप्प प्रायः भएको भन्दै महासंघले शुक्रबार प्रेस विज्ञप्ति निकालेर लकडाउन अवधिभरको पुरै भाडा मिनाहा गर्न माग गरेको हो । महासंघले यतिबेला व्यवसायीहरु घरभाडा होइन दैनिक गुजारा टार्न पनि समस्यामा परिरहेको जनाएको छ। महासंघका अध्यक्ष नरेश कटुवालले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'लामो समय लकडाउन भएको र लकडाउन केहि सहज भइसकेपछि पनि व्यापार ठप्प प्रायः भएका कारण सम्पूर्ण व्यवसायीहरु यतिबेला दैनिक गुजारा टार्न समेत संकट खेप्नु पर्ने अवस्थामा पुगेका छौं।' अहिले आम व्यवसायीहरुका लागि कोठा भाडा मूख्य चुनौतीको रुपमा देखा परेको भन्दै महासंघले केहि दिनकोमात्रै नभई लकडाउन अवधिभर पुरैको घरभाडा मिनाहा गर्नु पर्ने बताएको छ ।

# सुन चोरीको आरोपमा पक्राउ

**काठमाडौं/मस**-काभ्रेको बनेपा नगरपालिका-९ स्थित जोसना श्रेष्ठको घरबाट सुन चोरीको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय बनेपाका प्रहरी निरीक्षक योगेन्द्र तिमिल्सिनाका अनुसार मङ्गलवार बिहान श्रेष्ठको खाटको घर्राभित्र राखेको करिब १८ तोला सुन र चाँदी चोरीको आरोपमा उनीहरुलाई पक्राउ गरिएको हो । पक्राउ पर्नेमा बनेपा नगरपालिका-८ मा डेरा गरी बस्ने करुणा घिमिरे, सोही ठाउँका राजु मानन्धर र सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिका-५ घर भई बनेपा नगरपालिका-८ मा डेरागरी बस्ने सृजना आचार्य रहेका छन् ।

चोरीएको मध्ये १० तोला सुन र १२ तोला चाँदी बरामद गरिएको प्रहरीले जनाएको छ। तीनै जनालाई जिल्ला अदालत काभ्रेपलाञ्चोकबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**